दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१



वर्ष ३७ | अंक १६४ | बुटवल | २०८२ जेठ २७, गते मंगलबार | नेपाल संवत ११४५ | Tuesday June.10, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini


### सकिएन समयावधिमा आइसीपीको काम

# रोयल्टी र भ्याट बापतको भुक्तानी नपाउँदा काम प्रभावित

**मोहम्मद हबिब**
*भैरहवा*



नेपाल-भारत सीमा नाका भैरहवामा निर्माणाधीन एकीकृत भन्सार जाँच चौकी (आइसीपी) को काम ७१ प्रतिशत सकिएको छ । तिव्र गतिमा काम गर्दै दिइएको समयावधि भित्रै काम सम्पन्न गर्ने योजनामा कम्पनि रहेपनि अहिले कामको गतिमा कमि आएको छ । सुरुवाती चरणमा निर्माण कार्य द्रुत गतिमा भए पनि पछिल्लो समय आर्थिक कारणले कामलाई निरन्तरता दिन कम्पनीले सकेको छैन ।

सन् २००५ मा नेपाल-भारत सरकारबिच सम्झौता भई जमिनबाहेक प्राविधिकसहितको सम्पूर्ण निर्माण कार्य भारत सरकारको लगानीमा निर्माण हुने सम्झौता भएकोमा १८ वर्षपछि भैरहवामा आइसीपी निर्माण सुरु भएको हो । २६ मे २०२३ मा काम सुरु गरेको निर्माण कम्पनीले हाल सम्म संरचनाको काम अधिकांश गरेको छ ।

निर्माण सुरु भएको २ वर्ष बित्दा अहिलेसम्म कुल कामको करिब ७१ प्रतिशतभन्दा काम सम्पन्न भएको परामर्शदाता राईट्स लिमिटेडका योजना प्रमुख नितिन श्रीवास्तवले जनाकारी दिए । राइटस् भारत सरकारको आधिकारिक योजना बनाउने कम्पनी हो । सो कम्पनीले सरकारी आयोजनाको डिजाइन गरी निर्माणको काम अन्य कन्ट्रक्शनलाई दिने गर्छ ।

आइसीपी निर्माणको काम सन् २०२५ मे २५ तारिखमा सक्ने ठेक्का सम्झौतामा उल्लेख भए पनि कामको गतिमा कमि आउनुको कारण निर्माण कम्पनीको भुक्तानीमा समस्या आउनु नै प्रमुख कारण रहेको छ । काम गरे बापत भ्याट  र रोयल्टीको करिब १६ करोड ५० लाख बढी रकम होल्ड हुँदा काम नै प्रभावित बनेको छ । कम्पनीले हालसम्म भ्याट रकम फिर्ता बापत १ करोड ७० लाख पाएको छ भने ५ करोड करिब अझैं बाँकी रहेको छ र यस्तै रोयल्टी बापतको ११ करोड ५० लाख करिब बाँकी रहेको छ । चलायमान हुने बजेट नै होल्ड भएपछि कम्पनीले गर्दै आएको काममा सुस्तता आएको श्रीवास्तवले बताए ।

मासिक दश करोडभन्दा बढीको काम भइरहेको ठाउँमा पछिल्लो समय मुस्किलले एक करोड बराबरको काम भइरहेको उनले बताए । नेपालले समयमै समन्वय नगरिदिँदा ठेकेदार कम्पनी आर्थिक संकटमा फस्दै गएको आयोजना प्रमुख नीतिन श्रीवास्तवले जानकारी दिए ।

सरकारले भ्याट छुट र आवश्यक गिट्टी-बालुवाको रोयल्टी छुट दिनुपर्नेमा समन्वय नगरिदिँदा ठेकेदारले करिब १६ करोड रकम फिर्ता पाउन सकेको छैन । जसले गर्दा आर्थिक संकटमा परेको उनले बताए । कामको गतिले हेर्दा निर्धारित समयमा काम सम्पन्न नहुने भएपछि कम्पनी म्याद थपको लागि पत्राचार गरेको छ । आर्थिकस्थित चलायमान हुने अवस्था नै नभएपछि कम्पनि भुक्तानीको मागसहित केही महिना म्याद थपको लागि स्वीकृती मागेको छ ।

निर्माण कार्यमा कुल ५७ वटा कम्पनी रहेका छन्, जसमध्ये केहीले भ्याट बुझाए पनि अरुले भ्याट नबुझाउँदा समस्या सृजना भएको छ । नेपाली सप्लायर्सले भ्याट नबुझाएका, केही कालोसूचीमा परेका र केहीले नक्कली बिल पेस गरेका कारण विदेशी कम्पनीले समयमा भ्याट फिर्ता पाउन सकेको छैन । तिनाउ नदीबाट सिधैं नदीजन्य पदार्थ निकाल्न नपाए पनि भारतीय निर्माण कम्पनीले नेपालको निजी कम्पनीसँग नदीजन्य पदार्थ खरिद गरी निर्माण कार्य गर्दै आएको छ ।

आइसीपी निर्माणका लागि भारतीय कम्पनी के.एस.एम. वसिर मोहम्मद एण्ड सन्स, लखनउ कम्पनीले १ अर्ब ६१ करोड ७६ लाख भारतीय रुपैयाँमा (भारु) मा ठेक्का लिएर यसको काम गरिरहेको छ । सम्झौताअनुसार उक्त ठेकेदार कम्पनीले दुई वर्षभित्रमा काम सम्पन्न गरिसक्नुपर्नेछ । आइसीपी निर्माणका लागि नेपालतर्फ ५२ विघा जमिन १७ वर्षअघि नै अधिग्रहण गरिएको थियो ।

आइसीपी निर्माणमा समन्वयकारी भूमिका शहरी विकास तथा भवन निर्माण विभाग संघीय आयोजना कार्यान्वयन इकाई, भैरहवाले गरिरहेको छ । निर्माणमा कुनै समस्या आए समाधानका लागि सम्बन्धित निकायमा सोही कार्यालयमार्फत् जाने गरेको छ ।

१५ वर्षअघि नै नेपालतर्फ जग्गा अधिग्रहण गरिए पनि  आइसीपी निर्माणको काम अगाडि बढ्न सकेको थिएन । भारततर्फ जग्गाको कुरा नमिलेपछि आइसीपी निर्माणमा ढिलाइ भइरहेको थियो । भैरहवा भन्सार कार्यालयभन्दा करिब डेढ किलोमिटर पश्चिमतर्फ भारतीय भूमि भारतले अधिग्रहण गरेपछि अहिले दुबैतर्फ आइसीपीको निर्माणले तीब्रता पाएको छ ।

देशको दोस्रो ठूलो नाकाको रुपमा  रहेको भैरहवा भन्सारलाई व्यवस्थित गरी एकिकृत जाँचको लागि दुई वर्षमा काम सम्पन्न गरी नेपाल सरकारलाई हस्तान्तरण गर्ने गरी सम्झौता गरिएको छ । नेपाल-भारत सरकारबिच भएको सम्झौताअनुरुप गत २६ मे २०२३ मा काम सुरु गरेको निर्माण कम्पनीले प्रशासनिक, भन्सार, सुरक्षाकर्मी ब्यारेक, गोदाम, पार्किङ्लगायतको एक दर्जन बढी संरचनाको काम गरिरहेको छ, अधिकांश संरचना निर्माण भई फिनिसिङको काम भइरहेको आयोजना प्रमुख श्रीवास्तवले जनाए ।

'प्रशासनिक भवन, वेयरहाउस, अध्यागमन, सुरक्षा भवन, क्वारेन्टिन भवनलगायतका विभिन्न १२ वटा भवनको संरचना निर्माण सम्पन्न भएको छ,' उनले भने -'पार्किङ्को काम  करीब ७० प्रतिशत सम्पन्न भएको छ, हामी समय अगावै काम सम्पन्न गरी नेपाल सरकारलाई हस्तान्तरण गर्ने योजनामा थियौं, तर विगत ४ महिनादेखि कामको गति न्यून छ ।'

ठेकेदारको १० करोडभन्दा बढीको सामान अहिले फिल्डमा छ । करिब १५ करोड नेपाल सरकारबाट समन्वय गरी फिर्ता पाउन बाँकी छ । 'एउटा ठेकेदारले २५ करोडभन्दा बढी रकम कसरी लगानी गर्न सक्छ ?'- योजना प्रमुख श्रीवास्तवले प्रश्न गरे ।

नेपालगञ्ज, विरगञ्ज र विराटनगर भन्सार एकीकृत केन्द्रको निर्माण सम्पन्न गरिसकेको  राइट्सले तीन ठाउँको अनुभवलाई यहाँ लगाउने मौका मिलेकाले भैरहवा भन्सार एकीकृत केन्द्र देशकै उत्कृष्ट बन्ने राईट्सका आयोजना प्रमुख श्रीवास्तवले दाबी गरे । पहिलो चरणको भौतिक पूर्वाधारका सबै कामसँगै दोस्रो चरणको फर्निसिङ्गसहितको काम पनि समानान्तर रुपमा सम्पन्न गर्नका लागि योजना बनाए पनि पहिलो चरणको कामको प्रभाव दोस्रो चरणमा पनि पर्नेछ । दोस्रो चरणको कामका लागि अनुमानित ७ करोड ३५ लाख भारु लाग्ने अनुमान छ, काम सम्पन्न भएपछि राइट्सले नेपाल सरकारलाई हस्तान्तरण गर्ने श्रीवास्तवले बताए । भैरहवा भन्सार कार्यालयमा व्यवस्थापनको काम गरिरहेको अन्नपूर्ण टर्मिनल प्रा.लि. ले पूर्वाधारको कारण अहिले सडकमा भएको पार्किङ् आइसीपी निर्माणसँगै सहज हुने बताए । जतिछिटो निर्माणको काम सम्पन्न हामीलाई काम गर्न पनि सहज हुने टर्मिनलका भैरहवा प्रमुख रवि पारीखले बताए ।

तयारी अवस्थामा रहेको आइसीपीमा अन्य मेसिन जडान, खानेपानी, विद्युत् व्यवस्थापनलगायत सञ्चालनको जिम्मा नेपाल सरकारले लिनेछ । नेपाल-भारतबिच हुने आयात निर्यात सहज रुपमा गराउने उद्देश्यले सन् २००७ मा आइसीपी निर्माणका लागि दुई देशबिच हस्ताक्षर भएको थियो ।  सम्झौताअनुसार भैरहवासहित विरगन्ज, विराटनगर र नेपालगञ्ज नाकामा आइसीपी निर्माण गर्ने थियो ।

नेपाल सरकारले जग्गा उपलब्ध गराउने तथा भारतीय पक्षले प्राविधिक तथा पूर्वाधार निर्माण गर्ने सम्झौता भएको थियो । सम्झौताअनुसार वीरगञ्ज, विराटनगर र नेपालगञ्जमा निर्माण सम्पन्न भै सञ्चालनमा आइसकेको छ । चौथो चरणमा यहाँ आइसीपी निर्माण भैरहेको छ । ३५ दशमलव ११ हेक्टरमा फैलिएको आइसीपीमा २२.५४ हेक्टर क्षेत्रफल प्रयोग हुनेछ । जसमा सिमासँग सम्बन्धित सबै भौतिक पूर्वाधार निर्माण गरिँदैछ ।

अत्याधुनिक सुविधा सम्पन्न हुने आइसीपी क्षेत्रमा भन्सार, पार्किङ, सेड, अध्यागमन, कृषि एवं पशु क्वारेन्टाइन, यार्ड, प्रयोगशाला, सुरक्षाकर्मी व्यारेक, प्रवेशद्वार, सुरक्षा पर्खाल, बैंकलगायतको संरचना बन्ने छन् । आयाततर्फ ६ सय ९२ र निर्याततर्फ २ सय ७० वटा गरी १ हजार वटा ट्रक पार्किङ्ग गर्न मिल्ने स्थान हुनेछन् ।

नेपाल-भारत दुबैतर्फ एकै प्रकृतिका संरचना निर्माण हुनेछ । एकद्वार प्रणालीअन्तर्गतको आइसीपि सञ्चालनपछि भन्सारसम्बन्धी सम्पूर्ण सुविधा एकैठाउँमा उपलब्ध हुन्छ । फाइल बोकेर अहिले जसरी टाढाटाढाको दूरीमा रहेका कार्यालय धाउनु पर्ने बाध्यता अन्त्य हुनेछ ।

अर्कातर्फ पार्किङ्का लागि पनि सहजता हुनेछ भने घण्टौंसम्म सवारीलाई सडकमा लाइन लागेर बस्नुपर्ने बाध्यता हट्नेछ । अहिले भैरहवा भन्सार कार्यालयको पार्किङ क्षमता जम्मा डेढ सयको हाराहारीमा छ । भैरहवा भन्सार कार्यालय मुलुककै दोश्रो ठूलो भन्सार नाका भए पनि पूर्वाधारमा पछाडि नै रहेको छ । राजस्व संकलनको ठूलो हिस्सा यो नाकाको भए पनि सो अनुसारको पूर्वाधार भने बन्न सकेको छैन । २०७२ सालको भूकम्प, त्यसपछिको मधेश आन्दोलन र भारतद्वारा गरिएको अघोषित नाकाबन्दीका कारण देश बचाउने लाइफलाइन नाका बनेको थियो ।

» बाँकी ३ पेजमा

# भोटको राजनीतिसँग जोडिएको बुटवलको सुकुम्बासी समस्या



**अम्बिका परियार**
*बुटवल*

बुटवल उप-महानगरपालिका-११ प्रगति नगरकी सीमा विकलाई तिनाउ नदीको स्वरूप फेरिएको देख्दा एकादेशको कहानी जस्तो लाग्छ । कामको खोजी गर्दै पहाडबाट बाआमा तराई झरेपछि उनी पनि सँगै बटौली आएकी थिइन् ।

बाआमाले तिनाउकै बगरमा गिट्टी, बालुवा चाल्दै गर्दा उनको बाल्यकाल पनि तिनाउकै छालसँग खेल्दै हुर्कियो । त्यही तिनाउ बगरमा खेल्दै बढ्दै गर्दा सीमा उमेरले ५० कटिन् । बिहेपछि पनि दैनिक रोजीरोटीका लागि काम गर्ने थलोका रूपमा उनले तिनाउलाई नै रोजिन् । उनी भन्छिन्-'सानो हुँदाको के कुरा गर्नु, त्यही २० वर्ष अगाडिसम्म पनि तिनाउ नदी कति सफा, गहिरो र फराकिलो थियो । हामी नुहाउँथ्यौं, माछा माथ्र्यौं, किनारमा बालुवा गिट्टी कुटेरै दैनिकी चलाएका हौं ।'

तर, अहिलेको तिनाउ नदीलाई हेर्दा उनी अचम्ममा पर्छिन् । 'अब त यो नदी जस्तो रहेन, किनारमा घरहरू भरिएका छन् । नदी साँघुरिँदै गएको छ । त्यसमाथि ती घरबाट निस्किएको फोहोर मैलाले दुर्गन्ध फैलिएको छ ।'- उनी भन्छिन् ।

बुटवल-११ मजुवाका शत्रुधन साह पनि रोजगारीकै सिलसिलामा २५ वर्षअघि गुल्मीबाट बुटवल आएका हुन् । उनको घर छिमेकमा पहिले खाली जग्गाजमिन प्रशस्त थियो । तर, अहिले दिन दुई गुणा रात चौगुना गरी ती खाली जग्गामा बस्ती विस्तार भएको छ । 'पहिले जग्गा खाली थियो । केटाकेटी खेल्न, बाख्रा चराउन निकै सजिलो हुन्थ्यो । तर, अहिले त बस्ती भरिए । सार्वजनिक जग्गा पाउनै मुस्किल छ ।'- साह भन्छन् ।

विक र साहले भनेजस्तै पहिले तिनाउ खोला फराकिलो थियो । खोलाको बिचमा खाली जग्गा पनि प्रशस्त थियो । हिउँदको समयमा खाली जग्गामा केही मानिसहरूले छाप्रो राखेर खोलाकै काम गर्थे । तर, बर्खा लागेपछि तिनाउ उर्लिएसँगै छाप्रोहरूलाई बाढीले बगाउँथ्यो भने मान्छेलाई क्रेनले उद्धार गर्नुपर्दथ्यो ।

अहिले बुटवलको स्वरूप नै फेरिएको छ । अझ भनौं आधुनिक शहरका रूपमा स्थापित भएको छ । हरेक किसिमका विकासका पूर्वाधारमा सम्पन्न बुटवलमा जनसंख्या तीव्र रूपमा बढेको छ । बढ्दो शहरीकरणसँगै बुटवल क्षेत्रका प्राकृतिक सम्पदाहरू मासिँदै गएका छन् भने बिच शहरबाट बग्ने तिनाउ नदी साँघुरिँदै गएको छ । यही बिचमा भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरूलाई उपयोग गरी सत्ता र शक्तिमा पुग्नेहरूले भुँइमान्छेलाई बिर्सने गरेको स्थानीयको गुनासो छ । उनीहरू दशकौंदेखि आफूले जोत भोग गरेको जग्गाको पूर्जा पाउनुपर्ने माग राखिरहेका छन् ।

त्यसो त, भूमिसम्बन्धी ऐनको दफा ५२(ख)को उपदफा (४) को तेस्रो बुँदाअनुसार सार्वजनिक जग्गा, नदी, खोला वा नहर किनारको जग्गा, जोखिमयुक्त स्थानमा बसोबास गरिएको जग्गा, राष्ट्रिय निकुञ्ज वा संरक्षित क्षेत्रको जग्गा, हाल रुख बिरुवाले ढाकिएको वनको जग्गा र सडक सीमाभित्रका जग्गा भूमिसम्बन्धी समस्या समाधानका लागि प्रयोग गर्न पाइँदैन भनेको छ ।

चुरे पहाडको काख तिनाउ नदीको दायाँ किनार अर्थात् अहिलेको वडा नं. १ र २ रहेको क्षेत्रमा सानो बजार थियो । त्यही बजारमा पहाडका मान्छेहरू नुन, तेल, लत्ता, कपडा किन्न मान्छेको भिड लाग्थ्यो । अहिलेको मुख्य बजारतर्फ भने बस्तीहरू थिएन ।

» बाँकी ३ पेजमा




# सम्पादकीय

## पाल्पामा यार्चागुम्बाले ल्याएको अवसर

पाल्पाको रिमिघा लेकमा भेटिएको जडीबुटी यार्चागुम्बा भएको राष्ट्रिय विधि विज्ञान प्रयोगशालाले पुष्टि गरेको छ । रम्भा गाउँपालिका-२ फोक्सिङ्कोट र वडा नं.३ पीपलडाँडा क्षेत्र रिमिघा लेकमा प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत रिमिघा लेकमा झाडी सरसफाइ गरेर सामुदायिक वन क्षेत्रमा सुन्तलाका बिरुवा लगाउने तयारी गर्दा खाल्डो खन्ने क्रममा यार्चागुम्बा जस्तै देखिने प्रजाति भेटिएको थियो । त्यसपछि परीक्षणका लागि विधि विज्ञान प्रयोगशाला पठाइएको थियो ।

हिमाली र उच्च पहाडी क्षेत्रमा पाइँदै आएको महत्वपूर्ण जडीबुटी यार्चागुम्बा मध्य पहाडी क्षेत्रको १८ सय मिटरको उचाईमा पाइनुले नेपालको यस्तै उचाईमा अन्यत्र पनि पाइनसक्ने संभावना देखिएको छ । अब पालिकाको समन्वयमा डिभिजन वन कार्यालयले यार्चागुम्बाको खोजीलाई प्राथमिकता दिनुपर्छ । यार्चागुम्बा भएको पुष्टि भएपछि अब वनमा यार्चागुम्बा खोज्न जानेहरुको भीड लाग्न सक्छ । लेकमा भीड लाग्दा शान्तिसुरक्षामा चुनौती बढ्न सक्ने भएकाले सुरक्षा निकाय चनाखो बन्न आवश्यक छ । त्यसो त रम्भा गाउँपालिकाले सर्वसाधारणलाई वन क्षेत्रमा जान निषेध गरेको छ । प्रयोगशालाको रिपोर्ट आएपछि जिल्ला सुरक्षा समितिको बैठक बसेर जडीबुटी यार्चागुम्बा भेटिएको क्षेत्रमा केही दिन सर्वसाधारणलाई प्रवेश निषेध गरेको छ । अब त्यस क्षेत्रमा सुरक्षा व्यवस्थापनका लागि प्रहरी परिचालन गर्न आवश्यक छ । त्यसैगरी जडीबुटी संकलन, बिक्री वितरण कार्य व्यवस्थित गर्ने गरी काम अघि बढाउन प्राथमिकता दिनुपर्छ । यार्चागुम्बा संकलन र बिक्रीविरणको काम व्यवस्थापन गर्दै आएका डिभिजन वन कार्यालयसँग समन्वय गरी डिभिजन वन कार्यालय पाल्पा अघि बढ्नुपर्छ ।

डिभिजन वन कार्यालयका अनुसार सार्वजनिक सूचनाको बर्खिलापमा गई वन क्षेत्रमा प्रवेश गरेको भेटिएमा प्रचलित कानुन बमोजिम कारबाही हुनेछ । काम व्यवस्थित गर्ने समयसम्म हुलहज्जत हुन सक्ने सम्भावनालाई मध्यनजर गर्दै सुरक्षा व्यवस्था व्यवस्थित बनाउनुपर्ने छ । पछि खुला गरेर कानुनतः विधि पद्धति बसालेर संकलन, बिक्री वितरण गरी रोयल्टी संकलनको कामका लागि डिभिजन वन कार्यालयले काम गरेको छ ।

रिमिघा जंगलको सम्पूर्ण क्षेत्रमा मानिस आवतजावतका लागि र कुनै प्रकारको घरपालुवा चौपाया प्रवेश गराउन रोक लगाएको छ । वन ऐन, २०७६ को दफा ९ बमोजिम यस आदेशको उल्लंघन गरेमा वन ऐन, २०७६ को दफा ४९ बमोजिमको ६ महिनासम्म कैद वा १० हजारसम्म जरिवाना र दुवै सजाय हुने व्यवस्था छ । स्थानीय समुदायलाई अपनत्व हुनेगरी सुरक्षा निकायले सुरक्षा व्यवस्थापनका काम गर्नुपर्छ । सामुदायिक वन क्षेत्र सहितको वन क्षेत्रमा समुदायलाई बेवास्ता गर्दै निषेध गर्ने काम भयो भने समुदाय भड्किन सक्छ । प्राकृतिक स्रोतमा समुदायले पहिलो अधिकार खोज्ने विषय स्वाभाविक भएकाले निषेध, नियन्त्रण, संकलन र बिक्री सबै काम समुदायको हितको लागि नै भएको बुझाई समुदायमा गराउनसक्नुपर्छ ।

अब स्थानीय प्रशासन, सुरक्षा निकाय, पालिका र डिभिजन वन कार्यालय र समुदायबिचको समन्वय र पहलमा जडीबुटी संकलन, बिक्रीवितरण, रोयल्टी संकलनको कामलाई व्यवस्थापन गर्नुपर्छ । स्थानीयस्तरमा रोजगारी श्रृजना र आम्दानीको बाटो खुलेको छ । यो कामलाई व्यवस्थापन गर्न ध्यान नदिए समुदायमा द्वन्द्वको बीउ रोपिने र त्यो बल्झिएर कालान्तरमा त्यसले बहुआयामिक समस्या निम्त्याउन सक्छ, त्यसैले समयमै द्वन्द्वको बीउ नरोप्नका लागि सचेत भइ अघि बढौं ।

# भ्रष्टाचारमा अब्बल हुँदैछ लोकतन्त्र



अच्युतप्रसाद पौडेल

शासकहरुका कारण हाम्रो लोकतन्त्र भ्रटाचारमा अब्बल भयो, त्यो पनि नीतिगतमा बढी । सदाचार, निष्ठा, अनुशासन र सुशासनमा यसको ध्यान गएन । जाने कसरी ? सबै सेटिङमा हुन थालेपछि । गणतन्त्र चिठ्ठाबाट आएको हो । संघीयता, धर्म निरपेक्षता र गणतन्त्रका लागि जनमतसंग्रह गरौँ, स्वतन्त्रपूर्वक न्याय-निसाफ जनताले गर्लान् । लोकतन्त्र लोभतन्त्रमा परिणत भयो, धेरै फोहोरी खेलहरु भए, अब जनता बाठा भइसकेका छन्, सबै कुरा खुल्दै छन् ।

'नीतिले कमाऊ, रीतिले बाँच र प्रीतिले बाँच्न देऊ ।' यो पूर्वीय दर्शनको मूल मान्यता हो । नेपाल पूर्वीय धर्मशास्त्रको जननी देश हो, यो शिव, जनक र बुद्धको देश हो । संसारलाई सदाचार नीति, दर्शन, योग र ध्यान सिकाउने देश पनि । सम्पत्ति आवश्यक हो, चिरस्थायी हुन्न । नेतृत्वलगायत समाजमा हुनुपर्ने प्रमुख गुण भनेकै नीति, नैतिकता, सदाचार र इमानदारिता हो, मानव सर्वस्व हो यो । यसैबाट सामाजिक, आर्थिक, राजनीतिक जीवन शुद्ध हुन्छ । पानीको स्रोत सफा नभई धारामा राम्रो पानी भेटिन्न । असल समाज निर्माणमा सबै व्यक्ति, समूह, समाज सदाचारी नै हुनुपर्छ । धेरै समय भयो, हाम्रो समाज सदाचारका विषयमा धेरै टीकाटिप्पणी हुने गरेको छ ।

पूर्वीय धर्म दर्शनले प्रेरित नभए पनि डेनमार्क सदाचार र सुशासनमा अब्बल छ । सिंगापुर, चीन र पछिल्लो समय छिमेकी भारतले पनि सुशासन स्थापनार्थ धेरै पहल गरेको छ । त्यत्रो जनसंख्या भारतलाई बोझ होइन, वरदान भएको छ । बढी भएको खाद्यान्न निर्यातक देश बनेको छ त्यो । यहाँ पनि सुशासनका आदर्शहरु बेस्सरी सिकाइन्छ । तर हाम्रो लोकतन्त्र, संघीयता र गणतन्त्र भ्रष्टाचारमा अब्बल छ र अन्तर्राष्ट्रिय रुपमै देश अपराधीहरुको ट्रान्जिटमा छ अनि खैरो सूचीमा पनि । केही वर्षअघि नै एक अन्तर्राष्ट्रिय व्यक्तिले भनेका थिए- त्रिभुवन विमानस्थलको अध्यागमनबाट हात्ती पनि छिर्न सक्छ ।

अध्यागमनमा बस्नेहरुले सुनको बोराले घर भरेका खबर बग्रेल्ती आएका हुन् विगतमा । सेटिङ नमिल्दा एकाध केसहरु बाहिर छरिएका पनि हुन् । स्वयं गृह मन्त्रालयको संकेतविना मानव तस्करी त सम्भव नै हुन्न । पछिल्लो समय मानव तस्करीका बग्रेल्ती केसहरु आएका छन् । भूटानी शरणार्थीको जरा पत्तो लाग्ने देखेपछि बालुवाटार नै ढलपल भएकै हो एक सालअघि । भैरहवा विमानस्थलको छानबिन गर्न दूध चोरको बिरालो नै तयार भएको भने कसैले सामाजिक सन्जालमा, त कसैले कुखुरा चोर पत्ता लाउने जिम्मा स्यालले नै पाएछ पनि भनेका छन् अहिले ।

केन्द्रीय गृह सचिव थुनामा पर्ने र उनलाई पठाउनेमाथि केही नहुने लोकतन्त्र हाम्रा लागि अब्बल भएको छ । पछिल्लो समय पतञ्जलि जग्गा साटफेरको कुरोमा माउलाई हल्का निम्ता गरिएको देखिन्छ । यस्तो मन्त्रिपरिषद्को निर्णय कार्यान्वयन गर्दिन भन्दै यसमा चित्त नबुझ्दा मैले जागिरबाटै राजीनामा दिएको हुँ भन्दै छन्, भूमिसुधार विभागका पूर्वमहानिर्देशक, अहिले कुरो सतहमा आएपछि । यता भने विमानस्थलका अध्यगमन प्रमुखमाथि छापा हान्ने सुईंको नपाउँदै गृहले आफ्नै काखमा बोलाएको र पनि अमुक पात्र अख्तियारको नियन्त्रणमा रहेको समाचार आउँदा आउँदैको तयार आलेख हो यो ।

सामान्यतया एक कर्मचारीको एक कार्यालय अवधि २ वर्षको हो । तर सेटिङमा आउन नसक्नेलाई झिक्ने र सेटिङमा आउन सक्नेलाई पठाउनैका लागि त्यो प्रावधान लागू भएको छैन । अहिले मानव तस्करमा तानिएका अध्यागमन प्रमुख पुरानो सरकार ढलेपछि बनेको नयाँ सरकारका गृहमन्त्रीले गत असोजमा पठाइएका व्यक्ति हुन् र अघिल्लाले २ वर्ष काम गर्न भ्याएनन् । अस्थिर निजामती प्रशासन लोकतन्त्रको आदर्श हो र अहिलेसम्म निजामती ऐन आएको छैन ।

वर्षौंको हल्लाखल्लापछि भर्खरै यो ऐन तयारी सन्दर्भमा सुशासन समितिले के एक प्रावधान कुलिङ पिरियडको राख्याथ्यो, सबै कराउन थाले, सचिवदेखि उपसचिवसम्म । वास्तवमा लोकतन्त्रले शिक्षा विधेयक वा निजामती विधेयक नल्याएको पनि जता टेक्न पनि पाइने भएरै हो, ल्याउनै मन छैन उसलाई । लोकतन्त्र लोभतन्त्रमा परिणत भएकाले ऊ आफैँलाई आफूप्रति विश्वास छैन र त भन्छ, धर्मका नाममा अपराध गर्न छुट हुन्न, प्रतिगमन मेरो पालामा कमसेकम उठ्न म दिन्न, र १४ महिनापछि सजिलै सत्ता बालकोटबाट बूढानीलकण्ठ सर्छ भनेर ।

भिजिट भिसामा अध्यागमनले मानव तस्करी गरिरहेको जतातत‍ै समाचार आइरहेको छ । बिचौलिया, ट्राभल एजेन्सीलगायतका थुप्रै संस्थाहरु होलान् यसमा, छानबिन गर्नेले गर्ला तर स्रोत खोज्दै जाँदा खोज्ने नै भिजेको बिरालोजस्तो देखिने विगतको यथार्थ छ । सामान्य कर्मचारी अध्यागमनमा कहाँ पुग्न सक्छ, लोकसेवा बल्ल पास गरेमा उसलाई हुलाक नै पर्याप्त छ वा अरु संस्था पाएमा एक वर्षमा ६ चोटिसम्म सरुवा वा काजमा अन्यत्र सारिन्छ । कम्पनी रजिस्टार कार्यालय कहाँ पाइन्छ वा कर, भन्सार, मालपोत वा उर्वर अड्डा कसरी पाउने ? ट्रेड युनियनको खटनपटन, मन्त्रीज्यूको निजी सचिवालयको ग्रीन सिग्नल नभएसम्म वा यसो भनौं, दलको ल्याकत र सिफारिस नभएसम्म कुनै राष्ट्रसेवकले पेन्सन पकाउन सक्यो भने त्यो संसारको अनौठो आश्चर्यमध्येको एक हुन्छ । र त कर्मचारीको परिवार नै जागिरे रहेछ भने उसका ३ जना परिवारमा कसैलाई कांग्रेसको, कसैलाई एमालेको वा कसैलाई माओवादीको अब्बल कार्यकर्ता भएकै हुनुपर्छ ।

रास्वपा भयो भने पनि दुःख हुन्छ, राप्रपा भए पनि अहिलेको सन्दर्भमा जागिर दुःखजिलोमै बित्ने हो । चुनाव हार्दा गभर्नर, राजदूत, आयोगका अध्यक्ष वा कार्यकारी निर्देशक बन्ने योग्यता हुन्छ । बिमा प्राधीकरणका पहिलेका अध्यक्षको केस र अहिलेकाको केस पनि बाहिर आइसकेको छ । अर्थात् अध्यागमन पठाउने गृहमन्त्री, बिमा पठाउने अर्थमन्त्री, ग्रिन सिग्नल दिने बालुवाटर, बालकोट, बूढानीलकण्ठ वा च्यासलचोक । बस्, यतै-उतै घुमिरहेको छ नेपालको लोकतन्त्र र गणतन्त्र । प्रदेशतिर दोस्रो दर्जाकालाई पद वितरण गर्दागर्दै लोकतन्त्र व्यस्त भइरहन्छ, जनता हेर्न भ्याउँदैन र त उच्च बेरुजु, उच्च व्यापारघाटा, उच्च ऋणमा परेको छ नेपालको भूमि ।

निजामती प्रशासन निष्क्रिय र निकम्मा छ । पहिले सुब्बा, खरिदारले घेराउ गर्थे सिंहदरबार, किनकि ती ट्रेड युनियन आबद्ध छन्, शा.अ.सम्म छुट छ युनियनमा, अघोषित सबै छन् यसमा, भएनन् भने तरकारीमा आलुजस्तो हुन्न, हलुवामा बालुवा हुन्छन् ती, फ्याँकिन्छन् बरान्डामा भनौं अतिरिक्तमा । अहिले नीतिगत तहमा रहेका दर्जनौं विशिष्टहरु नै विरोधमा आएका छन्, प्रधानमन्त्री, भूपूदेखि सबै दलका अध्यक्षहरुसम्म लबिङमा पुगिसके, सुशासन समितिले कुलिङ पिरियड ल्याउन लाग्यो, जागिर अवकाशको दुई वर्ष बेकामी हुनुपर्ने हुन लाग्यो भनेर । कति आकर्षण छ तिनलाई, कोही २० वर्ष पुगेकै भोलिपल्ट जागिर राजीनामा दिन्छु भनी बस्छन् त कोही ५८ वर्ष रिटायर्डपछि पनि कुलिङ पिरियड पर्खन पर्नेभो भनी खिन्न हुँदैछन् । यसैले त भने अग्रजहरुले- सन्तान थरीथरीका कोही धनी असाध्ये कोही गरिब माग्ने, सक्दिन हेर्न भन्छिन् आमा सन्तान थरीथरीका ।

कुलमान हटाउन रत्नपार्क एमडीको अफिसमै सम्पर्क कार्यालय बनाउने इतिहासकै अब्बल लोकतन्त्रका ऊर्जामन्त्रीले अहिले बत्ती गइरहँदा सामान्य हो भन्दै छन् र हालको श्वेतपत्र ठीक हो भन्दै छन् । कार्यालयको खातापाता, ब्यालेन्स, नाफाघाटा, ट्रायल ब्यालेन्स लिने काम लेखाको हो, अडिटिङको हो । आर्थिक शाखामा नै ठूलो लगानीबाट ठूलै जनशक्ति हुन्छ हरेक कार्यालयको । साताभित्रै नाफा वा अर्बौंको नोक्सानी न एक कार्यकारीले देखाउन सक्छ, न मन्त्रीले । यसको अर्थ के हो भने, लोकतन्त्रले माउबाहेक अरुलाई काम नै दिएको छैन, अरु संयन्त्र हाई गरेर बस्छन् बरन्डामा ।

नत्र एमडीको कार्यालयमा मन्त्रीले सम्पर्क कार्यालय किन स्थापना गर्नुपर्‍यो, अहिलेसम्म नभएको प्रथा वा नेपाल विद्युत् प्राधीकरणको आर्थिक संरचनाले बोल्नुपर्ने होला नि अहिलेको एक्कासी देखिएको घाटा अथवा भनौं अर्बौं रकम ट्रङ्क, डेडिकेटेड लाइनको सबै पैसा लोकतन्त्रले नै मिनाहा दिने भए मन्त्रीबाहेक अरु संयन्त्र किन पालिराख्नुपर्‍यो र ? गणतन्त्रमा नअटाइएका काठमाडौंका मेयर एक्लो बृहस्पति झुटा भइरहेका छन् र सिंहदरबार र त्यहाँको दूरी बढिरहेको । हामीले पहिले नै भनेका थियौँ, संघीयताले हरेक विषयमा मुद्दा मात्र लिन्छ र यो नेपालजस्तो अविकसित देशका लागि श्राप हो भनेर । अहिले त्यही भएको छ, सिफारिस समितिमा पर्नेहरु नै नियुक्तिका भागीदार बनेका छन्, तिनकै लागि घण्टा-घण्टामा अदालतमा मुद्दा गएको छ, गभर्नर आउन कति सकस तर मुद्दा एकैदिन, सिफारिस एकैछिन्, नियुक्ति एकैदिन कत्रो सेटिङ हो लोकतन्त्रको ? स्वतन्त्र राष्ट्रप्रमुख हुँदा यति सारो अचाक्ली गर्न पाइँदैनथ्यो ।

बजारमा पैसा अधिक रहेको, बैंकमा थुप्रिएको पैसा राष्ट्र बैंकले अर्बौं अर्ब तानिरहेका बेला गभर्नरले रु. ५ सय र हजारको नोट छाप्ने निर्णयमा बहालीको क्रममा पहिलो निर्णय गरेका छन् । मानौं, गभर्नरको काम नोट छाप्ने मात्र हो । देशमा आर्थिक स्थायित्व, चलायमान बजारका लागि बैंकको ठूलो काम हुन्छ, मौद्रिक नीति कस्तो ल्याउने भन्ने बहस आवश्यक छ । तर खल्तीका मान्छे गभर्नर आएपछि नोट छाप्ने काममा हतारो देखिन्छ, यसै पनि तरलता वृद्धि भएको र बैंकहरुले लगानी गर्न नसकेका बेला, बजार चलायमान नभएका बेला ।

शासकहरुका कारण हाम्रो लोकतन्त्र भ्रटाचारमा अब्बल भयो, त्यो पनि नीतिगतमा बढी । सदाचार, निष्ठा, अनुशासन र सुशासनमा यसको ध्यान गएन । जाने कसरी ? सबै सेटिङमा हुन थालेपछि । गणतन्त्र चिठ्ठाबाट आएको हो । संघीयता, धर्म निरपेक्षता र गणतन्त्रका लागि जनमतसंग्रह गरौँ, स्वतन्त्रपूर्वक न्याय-निसाफ जनताले गर्लान् । लोकतन्त्र लोभतन्त्रमा परिणत भयो, धेरै फोहोरी खेलहरु भए, अब जनता बाठा भइसकेका छन्, सबै कुरा खुल्दै छन् ।

समाचारपत्रबाट

# २३ दशमलव १९ अङ्कले बढ्यो नेप्से परिसूचक



काठमाडौं । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक सोमबार २३ दशमलव १९ अङ्क अर्थात् शून्य दशमलव ८८ प्रतिशतले बढेर दुई हजार ६५३ दशमलव ०९ विन्दुमा कायम भएको छ । १९१ कम्पनीको शेयरमूल्य बढ्दा ५६ वटाको घटेको छ । साथै एउटा कम्पनीको शेयर मूल्य स्थिर छ ।

कारोबारमा विभिन्न ३२४ कम्पनीका ७८ हजार ८४८ कित्ता शेयर आठ अर्ब ६८ करोड ९३ लाख ५० हजार ३१९ रुपैयाँ ६२ पैसामा कारोबार भएका छन् ।

साथै मकर जितुमाया सुरी हाइड्रोपावर लिमिटेड, पुरी इनर्जी लिमिटेड, डोल्टी पावर कम्पनी लिमिटेड र विन्दबासिनी हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेडका शेयर मूल्य नौ दशमलव ९९ प्रतिशतले बढेका छन् । साथै भूगोल इनर्जी डेभलपमेन्ट कम्पनी लिमिटेडको शेयर मूल्य सात दशमलव ४७ प्रतिशतले ओरालो लाग्दा मिथिला लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य पाँच दशमलव २३ प्रतिशतले ओरालो लागेको छ ।

कारोबारपछि बजारपुँजिकरण रु ४४ खर्ब १९ अर्ब २१ करोड ५४ लाख ३४ हजार ४९० पुगेको छ ।

# गर्मीमा मेवा खानुका फाइदै फाइदा



मेवा खाँदा जति स्वादिलो हुन्छ उत्तिकै स्वस्थ तथा गुणकारी पनि हुन्छ । मेवामा यस्तो तत्व हुन्छ जसले विभिन्न खाले रोगब्याधीबाट बचाउनुका साथै उपचारमा समेत सहयोगी हुन्छ । पाकेकोमा मात्र होइन काँचो मेवामा पनि भिटामिन ए प्रशस्त पाइन्छ ।

गर्मीमा शरीरलाई शीतल बनाउन मात्र होइन पाचन प्रक्रियामा रहेका समस्या हटाउनुका साथै कमलपित्त, हर्निया, कोलेस्ट्रोल तथा मुटुरोगीका लागि समेत निकै फाइदाजनक हुन्छ ।

विज्ञहरुका अनुसार मेवामा क्याल्सियम, म्याग्नेसियम, पोटासियम जस्ता लवणका साथै कार्बोहाइड्रेट, भिटामिन र फाइबर पनि प्रशस्तै पाइन्छ ।

मेवामा भिटामिन ए तथा पपाइन नामक तत्व पाइन्छ । यो तत्वले छालालाई चम्किलो बनाउनुका साथै छालाको रंगलाई निखार प्रदान गर्दछ ।

मेवामा पाइने लवण, भिटामिन तथा इन्जाइमहरुले कपाललाई समेत स्वस्थ बनाउन मद्दत गर्दछ ।

मेवाको बिउलाई मरिचसँग पिँधेर महमा मिलाएर खाँदा कलेजो सम्बन्धि समस्याहरुमा लाभ मिल्ने विज्ञहरु बताउँछन् ।

मेवामा पाइने पोटासियमले रक्तचापलाई सन्तुलित बनाउन मद्दत गर्दछ । त्यसैले यसलाई हाइपरटेन्सनको औषधिको रुपमा पनि प्रयोग गर्न सकिन्छ । मेवामा कार्पेन तथा कापेइनस् तत्व पाइन्छ जसले रक्तचापलाई नियन्त्रित गर्दछ । उच्च रक्तचापको समस्या भएकाले दैनिक एउटा काँचो मेवा खानु फाइदाजनक हुन्छ ।

मेवामा एन्टी अक्सिडेन्ट तत्वहरु पाइने भएकाले यसले जिउलाई स्वस्थ तथा फुर्तिलोका साथै छिटो बुढ्यौलीका लक्षण देखिनबाट बचाउँछ । मेवाको सेवन मात्र होइन पाकेको मेवाको लेदो बनाएर अनुहारमा दल्नाले मुखको चाउरीपना हट्नुका साथै दागधब्बा समेत हट्ने र अनुहार चम्किलो बनाउँछ ।

मेवाको सेवनले कब्जियतको समस्या पनि कम गर्छ । दिनहुँ एउटा पाकेको मेवा खानाले यसमा भएको फाइबरका कारण कब्जियतको समस्या घट्ने र पाचन क्रिया नियमित गर्न सघाउ पुराउँछ ।

कमजोरी तथा आलस्यता हटाउनका लागि समेत मेवा निकै उपयोगी हुन्छ । साथै मेवाको सेवनले यौनक्षमतामा समेत वृद्धि गर्ने विभिन्न अध्ययनले देखाएका छन् । यसमा पर्याप्त मात्रामा लवण तथा भिटामिन पाइने भएकाले यसले शारीरिक तथा यौनिक क्षमता वृद्धिमा सघाउ पुराउँछ ।

# ७२ जिल्लामा फैलियो डेङ्गी

काठमाडौँ । मनसुन लागेसँगै डेङ्गी सङ्क्रमण देखिन थालेको छ । जुनदेखि अगस्टसम्म (असार-भदौ) सम्मलाई डेङ्गी सङ्क्रमणको जोखिम कायम रहने समयका रुपमा लिइन्छ ।

इपीडीमियोलोजी तथा रोग नियन्त्रण महाशाखा (इडीसीडी) को तथ्याङ्कअनुसार जनवरी १ देखि जुन ८ सम्म एक हजार दुई सय ५५ सङ्क्रमित भेटिएका छन् भने ७२ वटा जिल्लामा डेङ्गी सङ्क्रमण पुष्टि भइसकेको छ ।

सबैभन्दा धेरै सङ्क्रमितको संख्या काठमाडौँमा देखिएको छ । काठमाडौँमा १३२, कास्कीमा ९०, सुनसरीमा ८७, चितवनमा ६१, पाल्पामा ५१, रुपन्देहीमा ४७, कञ्चनपुरमा ३७, दाङमा ३२ र भक्तपुरमा ३० वटा सङ्क्रमित भेटिएका छन् ।

इडीसीडीका कीटजन्य रोग नियन्त्रण शाखाका प्रमुख डा. गोकर्ण दाहालले डेङ्गीलाई शून्यमा नै ल्याउने र डेङ्गी गराउने लामखुट्टे सखाप नै पार्न भन्ने अवस्था सिर्जना गर्न नसकिए पनि नियन्त्रण भने गर्न सकिने बताए । उनले भने- "डेङ्गीको सङ्क्रमण र मृत्युदर घटाउन सकिन्छ ।

यसका लागि सबै जनाको समन्वय आवश्यक हुन्छ । नागरिक, समुदाय, सरकारी-गैरसरकारी संस्था सबैले हातेमालो गर्नुपर्छ ।"

डा.दाहालले यो वर्ष मनसुन छिट्टै सुरु भएको र मौसमविद्ले पानी धेरै पर्न सक्ने आकलन गरेकाले सङ्क्रमण बढ्न सक्ने सम्भावना रहने सक्ने बताए ।

"यो वर्ष डेङ्गी सङ्क्रमण बढ्छ वा स्थिर रहन्छ भनेर आकलन गर्न हामीसित भेक्टरको पर्याप्त तथ्याङ्क छैन । यद्यपि मनसुन केही अघि सुरु भएको र धेरै पानी पर्ने भनिएको हुनाले पानी जम्मा हुने र सञ्चित भएर बस्ने र लामखुट्टेको विकास हुने सम्भावनालाई नकार्न मिल्दैन ।"-उनले भने । डा. दाहालकाअनुसार सबैले डेङ्गी नियन्त्रणमा आ-आफ्नो ठाउँबाट बराबर सहभागिता जनाए तीनै तहले डेङ्गी नियन्त्रणसम्बन्धी आवश्यक कार्यक्रम डेङ्गी सङ्क्रमण र यसबाट मृत्यु हुने दर पनि कम गर्न सकिन्छ ।

डेङ्गी एडीस एजिप्टाइ जातको पोथी लामखुट्टेको टोकाइबाट सर्ने एक प्रकारको कीटजन्य रोग हो । डेङ्गीबाट बच्न लामखुट्टेको टोकाइबाट बच्नुपर्छ ।

---

**सकिएन...**

तत्कालिन समयमा देशका प्रायः सबै नाका ठप्प हुँदा देशलाई भैरहवा नाकाले देशको शाख जोगाएको थियो ।

समयमा आइसीपी निर्माण नहुँदा अहिले भैरहवा भन्सार नाका अस्तव्यस्त बन्ने गरेको छ । भन्सार जाँचपास गराउने ट्रक, ट्र्यांकर तथा कन्टेनर मुख्य सडकमै रोक्नु परेको छ । मालसामान बोकेर भारतबाट नेपालतर्फ र नेपालबाट भारततर्फ दैनिक रूपमा ३ सयदेखि तीन सय ५० मालबाहक ट्रक एवं अन्य साधनहरु भन्सार प्रवेश गर्छन् । पार्किङ, यार्ड, गोदाम, सेडघरको अभाब रहेको भैरहवा भन्सार कार्यालयमा अहिले भन्सार परिसरमा रहेको पार्किङ निकै साँघुरो छ ।

पहिलो पटक नेपाल-भारतबिच हुने आयात निर्यात सहज रुपमा गराउने उद्देश्यले भारत सरकारले सन् २००५ मा नेपालको विराटनगर, वीरगञ्ज, नेपालगञ्ज र भैरहवा नाकामा आइसीपी निर्माण गरिदिने सहमति जनाएको थियो । २००७ मा आइसीपि निर्माणका लागि दुई देशबिच हस्ताक्षर भएको थियो । विराटनगर वीरगञ्ज र नेपालगञ्जमा भने आइसीपी निर्माण गरी भारतले यसअघि नै नेपाल सरकारलाई हस्तान्तरण गरिसकेको छ । वीरगञ्जको आइसीपी अप्रिल २०१८, विराटनगरको अप्रिल २०२० मा सञ्चालनमा आएको थियो भने गत वर्षबाट नेपालगञ्जमा पनि सञ्चालनमा आएको छ ।

आइसीपी निर्माण भएपछि सबै सेवा सुविधा एकै ठाउँमा प्राप्त गर्न पाउने हुँदा राहत मिल्ने यस क्षेत्रका उद्योगी, व्यवसायीले अपेक्षा गरेका छन् । आइसपी निर्माणसँगै सिमामा भाग्दै आइरहेको जाम हट्नुका साथै सवारीको ईन्धनमा बचत र सीमा शान्त, स्वच्छ हुने अपेक्षा गरिएको छ । जसका कारण सिमामा आवत जावत समेत सहज बन्ने छ भने खुल्ला सिमानाकाका कारण भइरहेको भन्सार राजस्व चुहावट नियन्त्रण हुने अपेक्षा गरिएको छ ।

व्यवसायीहरुले वर्षौंअघिको योजना भैरहवा भन्सारमा आइसीपी निर्माणले तीब्रता लिनु निजी क्षेत्रको लागि धेरै राम्रो भएको र आयात निर्यातमा व्यवसायीहरुले खेप्दै आएको समस्या सञ्चालनमा आएपछि हट्ने भए पनि आइसीपीसम्म रेलवे कनेक्शनका लागि जोड दिनुपर्ने आवाज उठाउँदै आएका छन् ।

२० वर्षअघि बनाएको प्लानमा भएकोले केही संशोधन गर्दै तीब्रताका साथ यथासिघ्र सञ्चालनमा ल्याउनु पर्छ, एक समयमा सबैको रोजाइ बनेको भन्सार अहिले विविध कारणले अन्य नाकामा गाडीहरु डाइभर्ट भइरहेकोले जसरी हुन्छ आयात निर्यात सहज गराउन आइसीपी निर्माण यथासिघ्र सम्पन्न गराउनु पर्छ । आइसीपीमा अत्याधुनिक स्क्यानर जडान हुने भएकाले भन्सारमा हुने भएको राजस्व छली र एउटै प्रज्ञापनद्वारा धेरै सामान आयात गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्न सकिन्छ ।

संघीय आयोजना कार्यान्वयन इकाइ रुपन्देहीका आयोजना प्रमुख राजु न्यौपानेले प्रमाणसहित आएको डकुमेन्टको आधारमा रोयल्टीको भुक्तानीका लागि सहजीकरण गरेको बताउँदै अन्यको हकमा माथि विभागमै कुरा भइरहेको छ । तिलोत्तमा, ओमसतिया, रोहिणी सिद्धार्थनगर र कोटहीमाइलगायतको क्षेत्रबाट निर्माण सामाग्री दिने भने पनि स्थानीय तहले निःशुल्क दिन नमानेपछि सप्लायर्सबाट कम्पनीले सामान किनेर काम गर्दै आएको जानकारी दिए ।

**भोटको...**

विसं १९७२ अघिसम्म हालको बुटवल बजारमा स्थायी बस्ती नै थिएन । विस्तारै बुटवलमा स्थायी रूपमा बसोबास गर्नेहरूको संख्या बढ्दै गएको हो । विकास क्रमसँगै बटौली बजारलाई २०१६ फागुन ३ गते बुटवल-खस्यौली नगरपालिका नाम राखियो । पञ्चायती व्यवस्था सुरु भएपछि भने यसलाई बुटवल-खस्यौली नगर पञ्चायत भन्न थालियो ।

२०४६ सालपछि बुटवल नगरपालिका नामकरण गरियो । पछि २०७१ मङ्सिरमा उप-महानगरपालिकामा स्तरोन्नति भएको हो । बुटवलमा २०५८ सालपछि अव्यवस्थित बसोबासी र सुकुम्बासी रजगज हुन थाल्यो । २०६२/०६३ को जनआन्दोलनतिर राजनैतिक आडमा सीमित मान्छेहरूले तिनाउ नदीको वारिपारि तथा अन्य ठाउँहरूमा समेत सार्वजनिक जग्गा कब्जा गरेर बस्ती बसाल्ने कुरालाई धन्दाकै रूपमा सञ्चालन गरे । भूमिहीनका नाममा जोसुकैले जग्गा ओगट्दै गए पनि तिनै तहका सरकारले त्यसमा विद्युत्, पानी र सडकलगायतका विकासका सबै सुविधा पुऱ्याइदिएको छ ।

बुटवल-११ मा सबैभन्दा धेरै सरकारी जग्गा ओगटेर बस्ती बसेको छ । बाढीको जोखिमलाई बेवास्ता गर्दै तिनाउ नदीको किनारमा नदीको बहाव मिचेर मात्र होइन, नदीको बिचमा उठेको भूभागमा समेत लस्करै घर बनाइएका छन् ।

सार्वजनिक क्षेत्रमा घरजम गर्ने, सुकुम्बासीका नाममा बजार छेउको सार्वजनिक जग्गा ओगटेर बसेका धेरै परिवारको अन्यत्रै घरजग्गा समेत छ । उनीहरू बुटवलमा कोही मजदुरी त कोही रोजगारी गर्न आएका हुन् ।कोही सस्तो मूल्य परेपछि अरूले ओगटेको जग्गा किनेर बसेका हुन् ।

शहरको छेउमा सित्तैमा बसेका र अति न्यून मूल्य तिरेर बसेका उनीहरू आफूलाई सुकुम्बासी भन्दैनन् । त्यसैले अव्यवस्थित बसोवासीका नाममा जग्गाको पुर्जा पाउनुपर्ने उनीहरूको माग छ ।

बढ्दो सहरीकरण र राजनीतिक मिलेमतोले बस्ती बस्दै गएपछि बुटवलको सार्वजनिक जग्गा मासिँदै गएको हो । सुकुम्बासीका नाममा सार्वजनिक जग्गा ओगट्नेहरू बढ्दा बुटवलमा ठूला विकास योजनासमेत रोकिएका छन् ।

सार्वजनिक जग्गामा बनेका करिब ८ सय घरको टुङ्गो नलाग्दा मोतीपुर औद्योगिक क्षेत्र अलपत्र छ । तिनाउ दानव कोरिडोरले गति लिन सकेको छैन भने उनीहरूले पूर्वपश्चिम रेलमार्गको नक्शाङ्कन गर्न समेत दिएका छैनन् ।

रुपन्देहीमा क्रियाशील राजनीतिक दलहरूले हरेक चुनावमा अव्यवस्थित बसोबासीलाई लालपुर्जा दिने आश्वासन, चर्का नारासहित प्रतिबद्धता गर्छन् । सुकुम्बासीका कुरा उठ्ने बित्तिकै सबै दलहरू तै चुप,मै चुप हुन्छन् ।

तिनै दलको पहुँच र आडमा वर्षौंदेखि सार्वजनिक जग्गा अतिक्रमणको समस्यालाई राजनीतिकरण गर्दा बुटवलमा सार्वजनिक जग्गा मिच्ने र किनबेच गर्ने क्रम बढेको छ भने वास्तविक भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र विपन्न वर्गले घरजग्गाको पुर्जा नपाउँदा निराश बन्नु सिवाय अरू कुनै विकल्प नभएको गुनासो गर्छन् ।

स्थानीय तहको निर्वाचनका बेला बुटवल उप-महानगरका प्रमुखका उम्मेदवार रहेका खेलराज पाण्डेले आफ्नो चुनावी घोषणापत्रमा बुटवलको सुकुम्बासी समस्या समाधान गर्ने प्रतिबद्धता गरेका थिए । सङ्घीय सरकारले गठन गरेको आयोगसँग मिलेर उप-महानगरले जग्गा नाप जाँच गर्ने, जग्गाको सीमाङ्कन, निस्सा कायम गर्ने र लालपुर्जा वितरण गर्ने कामलाई प्राथमिकता दिएको उनको भनाइ छ ।

सुकुम्बासी समस्या बुटवलको पुरानो समस्या हो । यो समस्या समाधानका लागि विसं २०३५ सालमा नै तत्कालीन समयमा पञ्चायत सरकारले आयोग बनाएको थियो । त्यति बेलादेखि नै बुटवलमा सुकुम्बासी समस्या समाधान गर्न स्थानीय सरकारले पहल गरेको छ ।

उपमहानगरको तथ्याङ्कअनुसार बुटवलमा १५ हजार ५९८ घर परिवार अव्यवस्थित सुकुम्बासी बस्तीका रूपमा रहेका छन् भने ३२० घर परिवार भूमिहीन सुकुम्बासीका रूपमा रहेका छन् । यसैगरी ८३० घर परिवार भूमिहीन दलित परिवार गरी बुटवलमा कुल १६ हजार ८४८ घर परिवार भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीका रूपमा रहेका छन् । तर, जग्गा नाप जाँचका बेला छुटेकाहरू कार्यालयमै आएर पुनः नाप जाँचको माग गरेका कारण बुटवलभित्र लगभग १८ हजारभन्दा बढी घरपरिवार अव्यवस्थित तथा भूमिहीन सुकुम्बासी रहको विभिन्न तथ्याङ्कले देखाएको छ ।

बुटवलमा लालपुर्जा वितरण हुने गरी काम भइरहेको भूमि समस्या समाधान आयोग रुपन्देहीका अध्यक्ष कुमार थापाले बताए । 'लालपुर्जाविहीन जग्गाहरूको नाप जाँचमा वडासँग समन्वय, सहकार्य गरी कुनै विवाद नगरी नाप जाँच गरी प्रक्रिया पूरा भएका घर घडेरीको लालपुर्जा दिने गरी काम अगाडि बढाएका छौँ । नाप जाँच सकिएका स्थानको दाबी विरोधका लागि केही दिनमै सूचना निकाल्ने र अन्य प्रक्रिया सक्काएर साउनको पहिलो सातामा पुर्जा बाँढ्ने योजना बनाउनुका साथै त्यस्तै अपूरो अधुरो जग्गा वितरण कार्य सँगै राजस्व सङ्कलनको सूचना निकाल्ने तयारीमा रहेका छौँ ।'-उनले भने ।

डिजिटल नापी भएका कारणले कुनै समस्या नआउने गरी नाप जाँच हुनेमा सबैलाई ढुक्क हुनसमेत उनले आग्रह गरे ।

# जनताको सहभागितामा समृद्ध पाणिनी निर्माणको दृढ संकल्प

**अविजित पन्थी**
*अर्घाखाँची*

अर्घाखाँची जिल्लाको पाणिनी गाउँपालिकाकी उपाध्यक्ष तथा कार्यवहाक पालिका अध्यक्ष नर्मदा गौतम पौडेलले जनताको सहभागितामार्फत् समृद्ध र आदर्श पालिका निर्माण गर्ने दृढ संकल्प व्यक्त गरेकी छिन् ।

गाउँपालिकाको आयोजना र बोर्डरलस मिडिया हव प्रा.लि.को सहकार्यमा आर्थिक वर्ष २०८१/०८२ को दोस्रो चौमासिक अवधिको सार्वजनिक सुनुवाइ कार्यक्रम वडा नं. ५ को सभाहलमा सम्पन्न भएको हो । कार्यक्रममा बोल्दै उपाध्यक्ष पौडेलले पालिकालाई देशकै उत्कृष्ट बनाउने उद्देश्यले आफूहरू सुशासन, पारदर्शिता र उत्तरदायित्वलाई मूल मान्यता मानी अघि बढिरहेको बताइन् ।

उनले भने-"सबै जनप्रतिनिधिहरू सबै विषयमा विशेषज्ञ हुँदैनन्, त्यसैले हामी सबैले हातेमालो गरेर पालिकाको समग्र विकासमा लाग्नुपर्छ । जनताका सल्लाह, सुझाव र आलोचनालाई पनि सकारात्मक रूपमा ग्रहण गर्दै योजना कार्यान्वयनमा जनउत्तरदायी ढंगले अगाडि बढिरहेका छौँ ।"

कार्यक्रममा सहभागी नागरिकहरूले विभिन्न सवाल, सुझाव र गुनासाहरू राखेका थिए, जसको प्रत्यक्ष जवाफ उपाध्यक्ष पौडेलसहित सम्बन्धित शाखा प्रमुख र वडाध्यक्षहरूले दिएका थिए । उपाध्यक्ष पौडेलले पालिकावासीका हरेक सुझावलाई बहुमूल्य अवसरका रूपमा स्वीकार गर्दै योजना निर्माणदेखि अनुगमनसम्म नागरिक सहभागिता आवश्यक रहेको उल्लेख गरिन् ।

कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत रोमनाथ न्यौपानेले पाणिनी गाउँपालिकालाई सुशासनमैत्री बनाउने अभियानमा कर्मचारीहरू एकजुट भएर कार्य गरिरहेको बताए । "हामीसँग धार्मिक, साँस्कृतिक, पर्यटकीय सम्भावना, जडीबुटी, खनिज स्रोत र कृषि विकासको अपार सम्भावना छ," उनले भने-"यी सम्पदाको अनुसन्धान गरी निजी क्षेत्रको लगानी भित्र्याएर पालिकालाई आत्मनिर्भर बनाउनु हाम्रो प्राथमिकता हो ।"

न्यौपानेले अघिल्लो आर्थिक वर्षमा पाणिनी गाउँपालिका लुम्बिनी प्रदेशमा बेरुजु घटाउने मामिलामा पहिलो नम्बरमा रहेको स्मरण गराउँदै समन्वय र पारदर्शिताको माध्यमबाट बेरुजुलाई शून्यमा झार्न सकिने विश्वास व्यक्त गरे ।

कार्यक्रममा वैदेशिक रोजगारीबाट फर्किएका युवाहरूको सीप र अनुभवलाई स्थानीय स्तरमा उपयोग गर्न सके रोजगारी सिर्जना र उत्पादनमा उल्लेखनीय प्रगति हुने कुरामा समेत छलफल गरिएको थियो ।

सार्वजनिक सुनुवाइ कार्यक्रममा वडा नं. ४ का वडाध्यक्ष हरिप्रसाद घिमिरे, वडा नं. ५ का वडाध्यक्ष इन्द्रमणि घिमिरे, प्राविधिक शाखा प्रमुख इञ्जिनियर मोहराज पौडेल, शिक्षा शाखा प्रमुख तेजबहादुर खनाल, कृषि शाखा प्रमुख मेघराज पौडेल र जनस्वास्थ्य निरीक्षक रामप्रसाद घिमिरेले सेवाग्राहीबाट उठेका प्रश्नको जवाफ दिएका थिए । उनीहरूले आफ्ना क्षेत्रगत जिम्मेवारी, कार्यान्वयन चरण, चुनौती र आगामी योजना बारे पनि जानकारी गराएका थिए ।

कार्यक्रममा सार्वजनिक सुनुवाइ सहजकर्ता गणेश खनालले नागरिक अभिमत तथा नागरिक बहिर्गमन प्रतिवेदन प्रस्तुत गरेका थिए भने कार्यक्रम सञ्चालन विष्णु खनालले गरेका थिए ।


## निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

नरिश्वर घिमिरेको नाति, झविलाल घिमिरेको छोरा लुम्बिनी प्रदेश,गुल्मी जिल्ला, छत्रकोट गाँउपालिका वडा नं. ०६ बस्ने कृष्ण प्रसाद घिमिरेले यस शाखामा बचत खाता नं. २०९१५२४०३०३६९८ संचालन गर्दै आउनु भएकोमा मिति२०८१/०७/२५ मा निजखातावाला कृष्ण प्रसाद घिमिरेको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकमपाउं भनी निज मृतकको श्रीमती नाता पर्ने रामकुमारी घिमिरेले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ । बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा १११ बमोजिम निज मृतक कृष्ण प्रसाद घिमिरेको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको गुल्मी शाखामा आउनुहोला । अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने वेहोरा समेत जानकारी गराईन्छ । पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ ।

**गुल्मी शाखा, नेपाल एसबिआई बैंक लिमिटेड**
**फोन नम्बर** :- ०७९-५२१०२९
**फ्याक्स** :- ०७९-५२११९४

## बिमालेख हराएको सूचना

मेरो निम्न विवरण भएको लाईफ इन्स्योरेन्स कर्पोरेशन नेपाल लिमिटेडको बिमा लेख मिति २०८१।०१। २० गते सुनवल १ देखि बुटवल जाने क्रममा हराएको हुदाँ फेला पार्नु हुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर वा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध छ ।

**नामः** हिमाल कंवर योगी
**प्रस्तावकः** तिजा कंवर योगी
**ठेगाना :** सुनवल -१ नवलपरासी
**विमा लेख नम्बर :** २५११०५८
**मोबाइल नम्बर :** ९८२७७०९२५१

## लुम्बिनी बौद्ध विश्वविद्यालय
## पदपूर्ति समितिको सूचना

प्रथम पटक प्रकाशित मिति : २०८२।०२।२७

यस लुम्बिनी बौद्ध विश्वविद्यालयका लागि तपसिलमा उल्लेखित पदमा खुल्ला प्रतियोगिताद्वारा करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरूबाट तोकिएको समयावधि भित्र दरखास्त आह्वान गरिन्छ । म्याद नाघी प्राप्त हुन आएका र रीत नपुगेका दरखास्त उपर कुनै कारबाही हुनेछैन । अन्य विस्तृत विवरणका लागि विश्वविद्यालयको वेबसाइट career.lbu.edu.np हेर्न सकिनेछ ।

**तपसिल**

| क्र.स. | विज्ञापन नं. | सेवा | पद | श्रेणी | माग संख्या |
|---|---|---|---|---|---|
| १ | ००१/०८१/०८२ | करार | सह-प्राध्यापक | प्रथम | १ जना |
| २ | ००२/०८१/०८२ | करार | सिभिल इन्जिनियर | अधिकृत तृतीय | १ जना |

**सेवा सुबिधा** : करारनामामा तोकिए अनुसार

**सम्बन्धित उमेद्वारको न्यूनतम योग्यता**

| सह-प्राध्यापक | सिभिल इन्जिनियर |
|---|---|
| ♦ २१ वर्ष पूरा भई ५० वर्ष ननाघेको ।<br>♦ मान्यता प्राप्त विश्वविद्यालयबाट विद्यावारिधि उपाधि हासिल गरेको ।<br>♦ विश्वविद्यालयको अनुसन्धान कार्यमा कम्तिमा ५ वर्षको अनुभव वा Post doctorate हासिल गरेको ।<br>♦ Impact factor Journals मा कम्तिमा १० लेख प्रकाशन गरेको । | ♦ २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको ।<br>♦ मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ विषयमा स्नातक तहको उपाधि हासिल गरेको ।<br>♦ इन्जिनियरिङ परिषद्बाट सिभिल इन्जिनियरको प्रमाणपत्र हासिल गरेको ।<br>♦ नेपाल सरकारबाट मान्यता प्राप्त संस्थामा कम्तिमा ३ वर्षको कार्य गरेको अनुभव रहेको । |

**दरखास्त दिने अन्तिम मिति** : २०८२ असार १० गतेसम्म
**परीक्षा किसिम** : प्रारम्भिक छनौट, लिखित, अन्तर्वार्ता (सह-प्राध्यापकको हकमा प्रस्तुतीकरण र अन्तर्वार्ता)
**आवेदन दस्तुर** : सहप्राध्यापक : ४५००।- सिभिल इन्जिनियर : ३,५००।-
**परीक्षाको पाठ्यक्रम** : सम्बन्धित विषय र बौद्ध दर्शनमा आधारित हुनेछ ।
आवेदन विश्वविद्यालयको बेवसाइट career.lbu.edu.np मार्फत बुझाउन सकिनेछ । आवेदन दस्तुर लुम्बिनी बौद्ध विश्वविद्यालयको नाममा एभरेष्ट बैंक लुम्बिनी शाखामा रहेको खाता नम्बर ०४१००१०५२००३१२ मा जम्मा गरी भौचर अनलाइनमा पेश गर्नुपर्नेछ ।

**लुम्बिनी बौद्ध विश्वविद्यालय**
लुम्बिनी, रुपन्देही, नेपाल
फोन : ०७१-४०४०८८, Email : adminlbu@lbu.edu.np

## Kapilvastu Municipality
## Office of Municipal Executive
**Taulihawa,Kapilvastu**
**Lumbini ,Province**

# Notice for Opening of Price Bid

Date of Publication: 27th Jyestha,2082(10th June,2025)

Kapilvastu Municipality, Office of Municipal Executive Taulihawa, Kapilvastu notifies that the following bidders have been qualified and is here by intends to accept their technical bids in respective contracts in accordance with the instructions to bidders in publish bid dated 31st Dec,2024 for the execution of the construction of the following works. The qualified bidders are hereby notified and requested for their presence in opening of the price bids as per the instructions to bidder clause no.25.9 and PPR rule 31(Ja5)

Date of Opening of Priced Bid :3rdAsar,2082(17th June, 2025)on 12:00 Hrs.at Kapilvastu Municipality Office,Taulihawa Kapilvastu

| Contract ID No. | Name and Address of Qualified Bidders in Technical Bid |
|---|---|
| KM/2081/082-10 | 1. Pratibha NirmanSewaSandhikharka -1 Arghakahnchi |
| | 2. ACS-SC J/V SiddharthanagarRupandehi |
| | 3. Linear Engineering & Construction -Jay Nirman Sewa-Shree Krishna NirmanSewa J/VShivraj-5 Kapilvastu |

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फ्लू रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुखानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, बाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

# देवदहको नीति तथा कार्यक्रम सार्वजनिक




देवदह । देवदह नगरपालिकाले आर्थिक वर्ष २०८२/०८३ को लागि नीति तथा कार्यक्रम सार्वजनिक गरेको छ । नगरपालिकाको १६औं नगर अधिवेशनमा नगरप्रमुख धुव्रप्रसाद खरेलले आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम प्रस्तुत गरेका हुन् । नगरपालिकाले समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय अभियानको जगमा टेकेर समृद्ध देवदह, सुखी देवदहवासीको परिकल्पना पुरा गर्ने गरी अगाडि बढेको नगरप्रमुख खरेलले प्रस्तुत गरेको नीति तथा कार्यक्रममा उल्लेख गरिएको छ ।

प्रमुख खरेलले प्रस्तुत गरेको नीति कार्यक्रममा कृषि, पशुपालन, पर्यटन, शिक्षा, रोजगारलाई प्राथमिकतामा राखिएको उल्लेख गरे ।

उत्पादन वृद्धि गर्नको लागि विभिन्न पकेट क्षेत्र घोषणा गरी प्रवर्धन गर्दै अगाडि बढ्ने, प्राङ्गारिक मल प्रयोग गर्न प्रोत्साहन गर्ने, बाँझो जग्गालाई उत्पादनसँग जोड्ने उल्लेख गरिएको छ । देवदह क्षेत्रमा रहेका पुरातात्विक स्थल, कला, संस्कृति र परम्पराको संरक्षण सम्वर्द्धन गर्ने, पुरातत्व क्षेत्रको उत्खनन् गर्ने र गरिबी निवारणको लागि प्रमुखसँग उद्यमी रोजगार कार्यक्रमलाई निरन्तरता दिने नगरप्रमुख खरेलले बताए ।

शिक्षामा सुधार, प्राविधिक शिक्षा तथा प्रविधिमा आधारित शिक्षा सिकाइलाई प्राथमिकता दिने, शिक्षक, कर्मचारी, जनप्रतिनिधिका बालबालिकालाई सामुदायिक विद्यालयमा पढाउने बातावरण तयार गर्दै जाने उल्लेख गरिएको छ ।

स्वास्थ्य बिमालाई प्रभावकारी बनाउने, निःशुल्क रगत उपलब्ध कार्यक्रमलाई निरन्तरता दिने उल्लेख गरिएको छ । एक वडा एक खेलमैदानको व्यवस्था, खुद्रा योजनालाई निरुत्साहित गर्दै कम्तीमा ५ लाखभन्दा तलको योजनामा अगाडि नसार्ने, घरबाट निस्कने फोहोरलाई वर्गीकरण गरी प्राङ्गारिक मलको रुपमा उपयोग गर्ने, फोहोरलाई मोहरको रुपमा परिणत गर्ने गरी योजना निर्माण गर्ने उल्लेख गरिएको छ ।

१६औं अधिवेशनमा नगरसभा सदस्य णप्रसाद न्यौपाने, अमर लामिछाने, चमकान्त गौडेल, डोलराज न्यौपानेले बोल्दै आवश्वासनको लागि मात्र नीति तथा कार्यक्रम आउने, तर कार्यान्वयन नुहने, एक सहकारी एक उत्पादन योजना अगाडि सार्नुपर्ने, छाडा चौपायालाई व्यवस्थापन गर्न योजना निर्माण गर्नुपर्ने, राष्ट्रिय आवास कम्पनीको जग्गाको लालपुर्जाको विषय नीति तथा कार्यक्रमा समावेश गर्नुपर्नेमा जोड दिएका थिए ।

नगरसभाको क्रममा उठेका विषयवस्तुमाथि प्रकाश पार्दै नगरप्रमुख खरेलले नीति तथा कार्यक्रमलाई टेकेर मात्र योजना अगाडि सार्ने बताए । उप-प्रमुख विद्यालक्ष्मी गुरुङ्गको अध्यक्षता र योजना शाखाका अधिकृत रमेश गिरीको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो ।

# विजनेश इन्कुवेशनमा २० नवउद्यमी




बुटवल । बुटवलमा विजनेश इन्कुवेशन तालिम सुरु भएको छ । बुटवल उद्योग वाणिज्य संघ रुपन्देहीले नवउद्यमीलाई लक्षित गरेर विजनेश इन्कुवेशन तालिम सुरु गरिएको छ । तालिमको बुटवल उप-महानगरपालिकाका नगर उप-प्रमुख सावित्रादेवी अर्यालले उद्घाटन गरेकी हुन् ।

त्यस अवसरमा बोल्दै उप-प्रमुख अर्यालले तालिमले उद्यमशिलता विकासमा टेवा पुग्ने विश्वास व्यक्त गरिन् । उप-प्रमुख अर्यालले आर्थिक स्थितिलाई बलियो बनाउन साना उद्यमलाई प्रोत्साहन गर्नुपर्ने बताउँदै यो तालिम त्यसका लागि उपयोगी हुने भनाइ राखिन् ।

बुटवल उप-महानगरपालिकाले पनि उद्यमशिलता तथा स्वरोजगार विकासका लागि धेरै सीपयुक्त तालिम प्रदान गरिएको जानकारी गराउँदै उनले त्यसरी सीप सिकेकालाई उद्यमी कसरी बनाउन सकिन्छ त्यसतर्फ सबैले ध्यान दिनुपर्ने भनाइ राखेकी थिइन् । उनले तालिम दिने र उत्पादन पनि हुने बताउँदै उत्पादन भएका बस्तुको बजारीकरणको समस्या रहेको औल्याउँदै बस्तुको उत्पादन गर्नुभन्दा अगावै बजार अध्ययन गरेर माग अनुसारको बस्तु उत्पादनमा जोड दिन आग्रह गरिन् ।

त्यसै अवसरमा संघमा स्थापना गरिएको उद्योग सम्वर्द्धन केन्द्र उद्घाटन गरिएको छ । संघले उद्यमशिलता विकासका लागि २०७६ देखि विजनेश इन्कुवेशन सेन्टर सञ्चालन गर्दै आएको थियो । नेपाल सरकार उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, घरेलु तथा साना उद्योग प्रवर्धन केन्द्रले विजनेश इन्कुवेशन सेन्टर स्थापना तथा सञ्चालनका लागि बुटवल उद्योग वाणिज्य संघलाई २० लाख रुपैंया अनुदान उपलब्ध गराएको छ ।

विजनेश इन्कुवेशन सेन्टर स्थापना तथा सञ्चालनका लागि घरेलु तथा साना उद्योग प्रवर्धन केन्द्रले बुटवल उप-महानगरपालिका मार्फत् बुटवल उद्योग वाणिज्य संघलाई आर्थिक सहयोग गरेको हो । एक महिनासम्म सञ्चालन गरिने यो तालिममा २० जना नव उद्यमी सहभागी रहेको संघका कार्यकारी निर्देशक तथा तालिमका फोकल प्रसन मदनकुमार कार्कीले जानकारी गराए । उनका अनुसार कार्यक्रममा सहभागी उद्यमीहरुले आफूले उत्पादन गरेका सामग्री प्रदर्शन गरेका छन् ।

कार्यक्रममा संघका कार्यवाहक अध्यक्ष टंकप्रसाद गैरेले नवउद्यमीहरुलाई प्रोत्साहन र उनीहरुको उद्यम विकास तथा प्रवर्धनका लागि संघले यस अगाडि २ पटकसम्म विजनेश इन्कुवेशन कार्यक्रम सञ्चालन गरिसकेको र त्यसबाट राम्रो प्रतिफल प्राप्त भएको बताए । उनले सरकारी तहबाट प्राप्त भएको यो साथ र सहयोगले उद्यमशिलता विकासमा मद्दत पुग्ने विश्वास व्यक्त गरे ।

त्यस्तै संघका निवर्तमान अध्यक्ष तथा नेपाल उद्योग वाणिज्य महासंघका कार्यकारिणी सदस्य उज्ज्वलप्रसाद कसजूले विगतमा विजनेश इन्कुवेशन कार्यक्रम सञ्चालन गर्दा प्राप्त भएको प्रतिफलकै कारण सरकारी तहबाट यो प्रकारको सहयोग प्राप्त भएको बताउँदै विगतका सिकाइ र अनुभवले अब सञ्चालन गर्ने कार्यक्रम अझै राम्रो र प्रभावकारी हुने विश्वास व्यक्त गरेका थिए ।

त्यसैगरी लुम्बिनी वाणिज्य क्याम्पसका प्रमुख डा. ताराप्रसाद उपाध्यायले उद्यमशिलता विकासका लागि लुम्बिनी वाणिज्य क्याम्पसमा पनि विजनेश इन्कुवेशन सेन्टर स्थापना गरिएको जानकारी गराउँदै समयसमयमा कार्यक्रम सञ्चालन गर्दै आएको जनाए । उद्योग वाणिज्य संघले गरेको विजनेश इन्कुवेशन कार्यक्रममा अरु क्षेत्रले गरेको भन्दा अझै राम्रो हुने बताउँदै उनले आशा गरिएभन्दा अझै राम्रो कार्यक्रम हुने विश्वास व्यक्त गरे ।

संघका उद्योग उपाध्यक्ष सुरज भट्टराईले बुटवल उद्योग वाणिज्य संघले उद्यमशिलताका विभिन्न गतिविधि गर्दै आइरहेको बताउँदै नव उद्यमीलाई प्रोत्साहन र प्रवर्धनका लागि विजनेश इन्कुवेशन कार्यक्रम आयोजना गरिएको बताए । उनले नव उद्यमीलाई आफ्नो उद्योग व्यवसायको व्यवस्थापकीय पक्ष सुधार हुने विश्वास व्यक्त गरेका थिए ।

# लुम्बिनी कपडा सिलाइ व्यवसायी संघ रूपन्देहीमा नयाँ नेतृत्व




बुटवल । लुम्बिनी कपडा तथा सिलाइ व्यवसायी संघ लुम्बिनी प्रदेश समितिको आयोजनामा सोबार बुटवलमा प्रथम रुपन्देही जिल्ला भेला सम्पन्न भएको छ ।

पुराना पुस्ताबाट नयाँ पुस्तामा सीप हस्तान्तरण नहुँदा परम्परागत सीप बिस्तारै हराउँदै गएकोमा दुःख व्यक्त गर्दै पेशाको पुस्तान्तरण नहुँदा धैरै सीपमूलक काम संकटमा परेको भेलामा बोल्ने वक्ताहरुले बताएका छन् ।

कार्यक्रममा बोल्दै संघका संरक्षक तथा प्रमुख अतिथि राम परियारले बालीघरे समयदेखि सुरु भएको सिलाइ पेशा अहिले नगद आम्दानीमा रूपान्तरण भइसकेको बताउँदै यसको अझ व्यवस्थापन गर्नुपर्नेमा जोड दिए । उनले पुर्खाहरूको सीपलाई अब युवाहरुले व्यवसायिकरुपमा अंगाल्नुपर्ने बेला आएको बताउँदै यो पेशा केवल जीविकोपार्जनको लागि मात्र नभएर आर्थिक रुपान्तरणको जगको रुपमा लिनुपर्ने जनाए ।

कार्यक्रममा लुम्बिनी कपडा व्यवसायी संघ लुम्बिनी प्रदेशका अध्यक्ष राजु बराहाले सीप भए पनि त्यसको प्रमाणीकरण नहुँदा समस्या थपिएको बताए । उनले सिटिईभिटीले प्रदान गर्ने तालिम जस्तो ग्रेड वृद्धिको व्यवस्था गर्नुपर्ने जनाए । उनले अहिलेको समय संस्थागत प्रमाणपत्र र औपचारिकतामै मात्रै चलेको बताउँदै अब सिलाई सीपलाई प्रविधिको सिपको मान्यता दिनुपर्ने औंल्याए ।

कार्यक्रममा रेडियो जागरणका सञ्चालक सरोज गौतमले सीपलाई पछाडि राखेर आत्मनिर्भरता सम्भव नभएको बताए । नेपाल टेलरिङ व्यवसायी महासंघका केन्द्रीय कोषाध्यक्ष प्रताप परियारले अहिले संघसंस्था खोल्ने चलन बढेको, तर उद्देश्यअनुसारको काम नगर्दा समस्या उत्पन्न भएको बताए ।

कार्यक्रममा नेपाल टेलरिङ व्यवसायी महासंघका प्रदेश संयोजक राजु देवान, घरेलु तथा साना उद्योग कार्यालय रुपन्देहीका वरिष्ठ उद्योग अधिकृत मोहन परियार, सैनामैना कपडा तथा सिलाई व्यवसायी समितिका अध्यक्ष सन्तोष परियारलगायतले मन्तव्य राखेका थिए ।

कार्यक्रममा लामो समयदेखि सिलाइ पेशामा आवद्ध भई संस्थालाई योगदान दिएका व्यवसायीहरु मिलन गौतम, एकादशी गौतम, कृष्ण नेपाली, पिमकला दर्जी, खकबहादुर दमाई र बाबुराम परियारगायतलाई सम्मान गरिएको थियो । त्यस्तैगरी घरेलु तथा साना उद्योग कार्यालयका वरिष्ठ उद्योग अधिकृत मोहन परियारलाई समेत सम्मान गरिएको थियो ।

प्रथम रुपन्देही भेलाबाट जनक छिनालको अध्यक्षतामा १३ सदस्यीय नयाँ नेतृत्व सर्वसम्मतरुपमा चयन गरिएको छ । जसको उपाध्यक्षमा सन्दीप परियार, महिला उपाध्यक्षमा धनिकला वीरकट्टा, कोषाध्यक्षमा टंक कोइराला, सचिवमा आकाश दर्नाल चयन भएका छन् ।

त्यस्तैगरी कार्यसमिति सदस्यहरुमा रजनी नेपाली, नरेन्द्र परियार, निर्मला विक, पूजा जिसी र प्रकाश दर्नाल चयन भएका छन् । अन्य ३ सदस्यहरुलाई संस्थाले आगामी बैठकमा मनोनित गर्ने गरी नेतृत्व चयन भएको हो । भेलाका संयोजक जनक छिनालको अध्यक्षतामा भएको कार्यक्रममा संघका वरिष्ठ उपाध्यक्ष शम्भु राईको स्वागत मन्तव्यमा कार्यक्रमको सञ्चालन पत्रकार अम्बिका परियारले गरेकी थिइन् ।

# न्यौपाने दम्पतीको जन्मदिनमा ६१ जनाले गरे रक्तदान




बुटवल । पछिल्लो समय विभिन्न अवसरमा रक्तदान गर्ने प्रचलन बढ्न थालेको छ । रगतको अभावमा कसैले ज्यान गुमाउन नपोस् भन्ने उद्देश्यका साथ हुने रक्तदान पछिल्लो समय कार्यक्रम नै आयोजना गरी मनाउन थालिएको हो ।

यसैबिच बुटवलका युवा व्यवसायी तुल्सीराम न्यौपाने दम्पतीको जन्मदिनको अवसरमा रक्तदान कार्यक्रम आयोजना गरिएको हो । नेपाल अटो मेकानिक्स व्यवसायी महासंघका केन्द्रीय सचिव तुल्सीराम र उनकी श्रीमती सृष्टि न्यौपानेको जन्मदिनको अवसरमा रक्तदान कार्यक्रम आयोजना गरिएको हो । रक्तसञ्चार सेवा केन्द्र बुटवलको प्राविधिक सहयोगमा भएको रक्तदानमा ६१ युनिट रगत संकलन भएको युवा व्यवसायी न्यौपानले जानकारी दिए ।

रक्तदान कार्यक्रममा बोल्दै माओवादी केन्द्र रुपन्देही इञ्चार्ज निर्मल जिसीले व्यवसायसँगै सामाजिक कार्य गरेकोमा न्यौपाने दम्पतीलाई धन्यवाद दिँदै समाजसेवामा ध्यान दिन आग्रह गरे । उनले जन्मदिनमा रक्तदान जस्तो महत्वपूर्ण कार्य भएको बताए ।

कार्यक्रममा बोल्दै नेपाल स्वयंसेवी रक्तदाता समाजका केन्द्रीय महासचिव कृष्ण चौहान क्षेत्रीले जन्मदिनबाट शुरु भएको रक्तदान नियमित तीन तीन महिनामा अनिवार्य गर्नेगरी अगाडि बढ्न सुझाब दिए । उनले रक्तदान निकै महत्वपूर्ण रहेको बताउँदै सबैले नियमित रक्तदान गरेमा रगतको अभावमा कसैले ज्यान गुमाउन नपर्ने बताए । नियमित रक्तादाता संघका उपाध्यक्ष लेखनाथ भण्डारीले व्यवसायीले सामाजिक उत्तरदायित्वका कामहरु गर्नुपर्ने बताउँदै यस्ता गतिविधिले समाज रुपान्तरणमा महत्वपूर्ण योगदान पुऱ्याउने बताए ।

कृष्णप्रसाद न्यौपानेको संयोजन तथा हिमाल खनालको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो ।

# सडक बत्तीले चोरीका घटनामा कमी



तिलोत्तमा । हाइमास्टलगायतका सडक बत्तीले टोल बस्तीमा रातिमा झलमल्ल हुँदा चोरीका घटनाहरु घटेका छन् ।

रुपन्देहीको तिलोत्तमा नगरपालिकाको आर्थिक सहयोग र मक्रहर टोल विकास समितिको सहकार्यमा तिलोत्तमा नगरपालिका वडा नं. १२ स्थित मक्रहर टोल बस्तीका मुख्य चोकमा १ हप्ता अगाडि जडान गरिएका २ वटा हाइमास्ट समेतका लाइट र सडकका विद्युत् पोलमा जडान गरिएका ३० वटा सडक बत्तीले पुरै सडक र बस्ती उज्यालो हुँदा बिगतमा भइरहने चोरीका घटनाहर कमी भइरहेका छन् भने मोटरसाइकलका साइलेन्सर पाइपहरु पड्काउँदै ओभरस्पिड गर्नेहरुको संख्यामा कमी हुँदा रातमा शान्तसँग ढुक्क भएर निदाउन सकिने अवस्था आएको छ भनी स्थानीय कृष्णलाल भण्डारीले बताए ।

भण्डारीका अनुसार यस खालका सडक बत्तीहरु सबै टोल बस्तीमा समेत जडान गरिनुपर्ने देखिन्छ, सडक बत्ती एकपटक मात्र जडान गरेर हुँदैन, ति बत्तीहरुको संरक्षण र मर्मत गरी निरन्तरता दिनु स्थानीय बासिन्दाहरुको मुख्य कर्तव्य हो । तर वातावरण र चराचुरुङ्गीका लागि भने हाइमास्ट लाइट राम्रो नभएको चराविद् तथा वातावरणविद्हरुले बताउने गरेका छन् ।

हाइमास्ट लाइट खासगरी रंगशाला, स्टेडियमहरुमा रातीको समयमा खेल खेलाउँदा पर्याप्त मात्रामा उज्यालो देखाउन प्रयोग गरिने बत्ती भए पनि पछिल्लो समय यो फेसनको रुपमा बढेको छ ।

» *वीरबहादुर थापा, प्रशिक्षार्थी*




आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !

आइडिया डिजाइनर्स/अफसेट प्रेस

सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com